## मिति २०८२।०१।३० गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को १२ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं. १** गैंडाकोट नगरपालिका नवलपरासी (बर्दघाट सुस्ता पुर्व) र भरतपुर महानगरपालिका, चितवनको संयुक्त प्राविधिक टोलीले स्थलगत अनुगमन तथा अध्ययन गरी प्रतिवेदन पेश गरे बमोजिम नारायणी नदीको मुलधारमा नदिजन्य पदार्थ जम्मा भई नदीको वहाब जंगल र बस्ती तर्फ आउन सक्ने भनी मिति २०८२/०१/१८ मा प्रतिबेदन प्राप्त भएको र उक्त प्रतिबेदनले तोकेका तपशिलका स्थानहरुको नदीजन्य पदार्थ व्यवस्थापन गर्न जिल्ला विपद् ब्यवथापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

तपशिल

१. गैंडाकोट-१३ र भरतपुर १७, मजुवा सामुदायिक बनको क्षेत्र।
२. गैंडाकोट-२ र भरतपुर ३, नगर बन (पुल दक्षिण) को क्षेत्र।
३. गैंडाकोट-११ र भरतपुर १६, ज्ञानेश्वोर सामुदायिक बनको क्षेत्र।
४. गैंडाकोट-७ र भरतपुर ४, भंगेरीस्थानको क्षेत्र।
५. गैंडाकोट-९ र भरतपुर १६, ज्ञानेश्वोर सामुदायिक बनको क्षेत्र।

**निर्णय नं.२** गैंडाकोट नगरपालिका वडा नं. ३ को कार्यालयको सिफारिस बमोजिम कालीगण्डकी नदीको पुलबाट उत्तर तर्फ हर्दि क्षेत्रको नदीजन्य पदार्थको सतह वृद्धि भई भबिष्यमा जोखिम उत्पन्न हुन सक्ने भएकोले उक्त नदीजन्य पदार्थ ब्यबस्थापन गरी विपद न्यूनीकरण गर्न माग भई आएकोले जिल्ला विपद् ब्यबथापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.३** भूमि समस्या समाधान आयोग नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोतीको च.नं. ५४ मिति २०८२।०१।२३ गतेको वडा नं. ६ कार्यालयलाई पठाएको पत्रका सम्बन्धमा छलफल हुँदा वडा नं. ६ कार्यालयले वडा नं. ६ को कित्ता नं. ३४ क्षेत्रफल (ज.रो.) ४१-१३-१ को कित्ताको जग्गाको फिल्डबुकमा स्कुल मात्र जनिएको कुन स्कुल भन्ने नजनिएको अवस्थामा २०४० साल भन्दा अघि देखि नै कुनै पनि स्कुलको दाबी भएको नदेखिएको भन्ने व्यहोराको च.नं. १३४५ मिति २०८२।०१।२३ को पत्रबाट नगर कार्यपालिकामा जानकारी गराइसकेकोले उल्लेखित कित्ताको जग्गाको फिल्डबुकमा जनिएको "स्कुल" को यकिन गर्ने गरी हाल हकभोगमा रहेका व्यक्तिहरूका नाममा अव्यवस्थित घरपरिवारका रूपमा नियमानुसार जग्गा उपलब्ध गराउने प्रक्रिया अघि बढाउन भूमि समस्या समाधान आयोग नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोतीलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.४** गैंडाकोट नगरपालिकाको नगर विपद् स्वयंसेवकको व्यवस्थापनको लागि नगर भित्र कार्यक्षेत्र रहेका सामुदायिक वनमा कार्यरत भएका वनहेरालु, नगर प्रहरी लगायतलाई आवश्यक मापदण्ड बनाई नगर विपद् स्वयंसेवकको रुपमा छनोटको प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं.५** गैंडाकोट नगरपालिकाको १७ औं नगर सभाको अधिवेशन मिति २०८२ असार ६ गते शुक्रबारको दिन विहान ११.०० बजे नगर कार्यपालिकाको सभा हलमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट अस्पताल अन्तर्गतमा रिक्त रहेको पद संख्या- १ जना मेडिकल अफिसर (डाक्टर ) को विज्ञापन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

शशिन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम अनुसार दीर्घकालीन जल सुरक्षाका लागि पुनर्भरण व्यवस्थापन योजना तयार गर्न परामर्शदाता श्री स्ट्रेन्थ ईन्जीनियरिंग कम्पनी,बानेश्वर काठमान्डौं नियुक्त गरिएकोमा, सो परामर्श सेवाको प्रथम अभिमुखीकरण कार्यक्रम मिति २०८२/०१/३० गतेका दिन मा सम्पन्न भएको र अभिमुखीकरण कार्यक्रममा परामर्शदाताको तर्फबाट प्रस्तावित कार्ययोजना, कार्यपद्धति तथा अपेक्षित परिणामहरू प्रस्तुत गरिएको हुँदा उक्त अभिमुखीकरण कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** श्री Britanic Maulakalika Construction & Suppliers Pvt.Ltd.,Hetauda-10, Makwanpur ले गैंडाकोट नगरपालिकाको कार्यालयमा मिति २०८२/०१/२८ को पत्रबाट माग भई आए बमोजिम यस कार्यालयको बोलपत्र नं. 03/IR/NCB/ GMO/081/082, Riverbed Materials Excavation, Collection and Sales (Ward No. 7) गैंडाकोट नगरपालिका वडा नं. ७ बिश्नेघाट क्षेत्रबाट नदिजन्य पदार्थ उत्खननको लागि भएको सम्झौता अनुसार तोकिएको समय अभावको कारण देखाई नदिजन्य पदार्थ संकलन तथा बिक्री गर्न जग्गा उपलब्ध गराईदिन अनुरोध भई आएकोले र मिति २०८२।०१।३० को वडा नं. ७ को वडा कार्यालयको च.नं.१४०५ को सिफारिस समेतको आधारमा हाललाई करीब ४ बिघा जग्गा प्रति महिना रु.२५,०००/- राजश्व लिने गरी नारायणी नदी किनारमा रहेको फोहोर मैला प्रशोधन केन्द्र भन्दा पूर्वपट्टीको रहेको गैंडाकोट वडा नं. ७ को सरकारी जग्गालाई भाडामा प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** आ.व. २०८१/०८२ का स्वीकृत योजना तथा कार्यक्रमहरुको अन्तिम बिल भुक्तानीको कार्यालयमा पेश गर्ने समय सिमा मिति २०८२ असार १५ गते आईतबार कार्यालय समयसम्म रहने गरी व्यवस्थान गर्न कार्यालय, वडा समिति,उपभोक्ता समिति, निर्माण व्यवसायी लगायतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १०** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) बमोजिम गैंडाकोट नगरपालिकाले आ.व.२०८१/०८२ को दहत्तर बहत्तर (नदी जन्यपदार्थ) गैंडाकोट-७, बिश्नेघाट क्षेत्र र गैंडाकोट-९, थुम्सी जैनटार क्षेत्रबाट बिक्री गरी प्राप्त भएको रकम स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ (क) को उपदफा (३) बमोजिम नगरको आन्तरिक आयको रुपमा आम्दानी बाँधी स्थानीय सञ्चित कोषमा दाखिला गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** गैंडाकोट नगरपालिकाको आफ्नै दीर्घकालिन सोचः **"हामी सबैको साझा अठोट ,शान्त समुन्नत सुन्दरगैंडाकोट"**झल्किने गरी लोगो निर्माण गर्न नगरपालिकाको विशिष्ट पहिचान,ऐतिहासिकता,जनजीवन,भूगोल, आर्थिक, सामाजिक, साँस्कृतिक,धार्मिक, पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेटेर निर्माणका लागि आवश्यक व्यस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाका पूर्वाधार तर्फका योजना सम्पन्न गर्नको लागि आवश्यक पर्ने रकम आन्तरिक स्रोतबाट व्यहोर्ने गरी श्रोत सुनिश्चतता सहित श्रीमान् नगर प्रमुखज्यूको सिफारिस बमोजिम (१-९) को १ प्याकेज र (१०-१८) को अर्को प्याकेज बमोजिम ठेक्का व्यस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १३** गैंडाकोट नगरपालिकाको वडा नं. ३ बाट शुरु भएको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापजाँच कार्यलाई तिब्रता दिनका लागि Total Station Machine खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

[illegible] खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. १४** गैंडाकोट नगरपालिकाको कार्यालय परिसरमा रहेको हुलाक कार्यालयको पुरानो भवनलाई नगरपालिकाको बाटोको मापदण्ड विपरीत संरचना भएकोले उक्त भवन भत्काउनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५** गैंडाकोट नगर अस्पतालको निर्माणाधिन भवनको लागि निर्माण व्यवसायी Dragon Construction Pvt.Ltd. वानेश्वर- १०, काठमाण्डौंलाई कार्यालयका तर्फबाट विभिन्न मितिमा समयमा नै तोकिएको कार्य गर्न दिएको निर्देशन बमोजिम कार्य सम्पादनमा तादरुकता नदेखाएको, काममा आलटाल गरेको र जोखिम उत्पन्न हुने भनी महालेखा परिक्षकको कार्यालयले समेत उल्लेख गरेकोले निज निर्माण व्यवसायीसंग स्पष्टीकरण माग सहितको निर्माणाधिन नगर अस्पताल भवनको कार्य तालिका (Work Schedule) माग गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १६** गैंडाकोट नगरपालिकाको दिगो फोहोर मैला व्यवस्थापनको लागि यस कार्यालयबाट तयार भएको **"Solid Waste management Strategy and Action plan of Gaindakot Municipality"** स्वीकृत गरी गैंडाकोट वडा नं. ७ को तोकिएको जग्गामा दिगो फोहोर मैला व्यवस्थापनको कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७** गैंडाकोट नगरपालिकाको वडा नं. ११ स्थित नारायणी नदी किनारमा रहेको दाहसंस्कार गर्ने संसानघाटमा नारायणी नदीको प्राकृतिक वाहबमा फर्काउने एवं कटान रोक्ने र दाहसंस्कार स्थलमा हिउँदमा पानी ल्याउने कार्य गर्न दिएको मिति २०८१ पौष १८ गते बसेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका जिल्ला समन्वय प्रमुखस्तरीय निर्णय भए अनुसार कार्य सम्पन्न भएकोले बिल वापतको रकम रु. ८,५४,७३२/- भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १८** मिति २०८१।१२।३१ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को एघारौं नगर कार्यपालिका बैठकबाट छनोट भएका सडक बोर्ड नेपाल र गैंडाकोट नगरपालिकाको लागत साझेदारी मार्फत आ.व.२०८१/०८२ को लागि स्थानीय सडक मर्मत संभार कार्यको लागि चालू आ.व. नै कार्यान्वयन गर्न समय अभावका कारण कोटेशन विधि मार्फत योजनाहरु कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १९** नेपाल टेलिकम कार्यालयको अनुरोध बमोजिम गैंडाकोट नगरपालिका वडा नं. ६ को नयाँ भवनको टपमा नेपाल टेलिकमको टावर राख्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २०** गैंडाकोट नगरपालिकाको वडा नं ८ को मोटरेवल पुल (स्टिल पुल) ठेक्का मार्फत निर्माणाधिन पुलको र वडा नं. ३ को लिफ्टिङग सिंचाई योजनाको सम्झौता बमोजिमको लागत अनुमान मुल्यको गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२७ बमोजिम १५ प्रतिशतमा नबढ्ने गरी भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन शौक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. २१** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ५ | विभिन्न बाटो ग्रावेल (क्र.सं.४३३) मध्येबाट | रु.६,००,०००/- | ओम नारायण मार्ग स्तरोउन्नती | रु.४०,०००/- |
| | | | बैकुण्ठनगर टोल वि.स. अन्तर्गत शान्ति मार्ग स्तरोउन्नती | रु.१,००,०००/- |
| ५ | वालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम (क्र.सं.४१८) मध्येबाट | रु.३,००,०००/- | वालमैत्री शौचालय निर्माण (जनक मा.वि.को खेलमैदान) | रु.१,००,०००/- |
| १३ | बेल्डिया चोक देखि सुमी डिष्टिलरी हुदै नारायणीसम्मको बाटोको पूर्वाधार निर्माण (क्र.सं.७९) | रु.१०,००,०००/- | बेल्डिया खोला तटवन्धन | रु.९,५०,०००/- |
| | | | सिख्रौली खेत जाने बाटोमा नाला निर्माण | रु.५०,०००/- |
| १० | कोटिहोम पटाडी खोला तटबन्धन (क्र.सं. ५२०) | रु.५,००,०००/- | दुर्गा मन्दिर कोटिहोम सभा कक्ष निर्माण | रु.१३,००,०००/- |
| | नरहरी आंध्यात्म विज्ञान गीता पाठशाला (क्र.सं.२२२) | रु.५,००,०००/- | | |
| | नवौं कार्यपालिकाबाट "सामावेशी गुरुकुल" | रु.३,००,०००/- | | |
| ७ | नागेन्द्र आचार्यको घर देखि पुर्वतर्फ बाटो पिच क्र.सं.४६३ | रु.३,००,०००/- | पिपलटार टो.वि.सं. अन्तर्गत राजमार्ग निस्कने भल नियन्त्रण | रु.३,००,०००/- |
| १७ | प्राकृतिक चिकित्सा संग वडा कार्यक्रम (क्र.सं.६८५) | रु.५०,०००/- | दलित भवन निर्माण | रु.१,५०,०००/- |
| | कृषकसंग कृषि विज्ञ कार्यक्रम मध्येबाट ( क्र.सं.६८३) | रु.१,००,०००/- | | |
| ९ | पर्यटन प्रबन्धन मुकुन्दसेन मौलाकालिका | रु.५,००,०००/- | तालिम कार्यक्रम | रु.२,००,०००/- |
| | | | भिडियो सहितको वृत्त चित्र | रु.३,००,०००/- |
| शिक्षा | प्रस्तावका आधारमा उद्यमी युवाहरुलाई प्रोत्साहान कार्यक्रम (१६-४० वर्षका युवाले सञ्चालन गरेका वा गर्न पुरा तयारीमा रहेका रोजगार प्रवर्द्धन गर्ने कार्यक्रमका लागि क्र.सं.७३५) बाँकी रकम | रु.४,८०,०००/- | डिजिटल मार्केटिङ्ग तालिम | रु.८,८०,०००/- |
| | प्रस्तावका आधारभुत युवा लक्षित कार्यक्रम क्र.सं. ७५४ | रु.४,००,०००/- | | |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन [illegible] अधिकारी
नगर प्रमुख

CamScanner